बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको सचिवालय**

नवप्रवर्तनात्मक अनुसन्धान सम्बन्धी प्रथम चरणको आइडिया अवधारणा प्रस्ताव आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८३/०१/२५

प्रविधिमा आधारित अर्थतन्त्रको सुदृढिकरणका लागि वैज्ञानिक नवप्रवर्तनात्मक पद्धतिलाई अवलम्वन गर्दै बागमती प्रदेश सरकारले विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको स्थापना गरेको छ । कोषले विज्ञान र प्रविधि क्षेत्रका नवप्रवर्तनात्मक अनुसन्धानमा गरिने लगानीबाट विकसित प्रविधि, र परिणाममुखी नतिजाको माध्यमबाट प्रदेशको आर्थिक विकास र नागरिकको जीवन पद्धतिलाई सरल तथा सहज बनाउनु कोषको मुलभूत उद्देश्य हो। यसै अनुरुप कोषले नवप्रवर्तनात्मक अनुसन्धान र प्रविधि विकास गर्न प्रथम चरणको आइडिया छनोट (Idea Pooling) कार्यक्रममा सहभागी हुन चाहनेहरुलाई मिति २०८३ जेठ २५ भित्र यस कोषमा आइपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित आफ्नो नवप्रवर्तनात्मक अनुसन्धान सम्बन्धी आइडिया अवधारणा प्रस्ताव कोष सचिवालयको ठेगाना (सामाजिक विकास मन्त्रालय बागमती प्रदेश,हेटौंडा) वा stikosh2026@gmail.com ईमेल मार्फत् पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका वा उल्लिखित शर्त पुरा नगरेका प्रस्तावहरु मान्य हुने छैन। अवधारणा प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार कोषमा निहित रहने छ। आयोजना अवधारणा पत्रको ढाँचा र अवधारणापत्र सम्बन्धी विस्तृत विवरण कोषको सचिवालय वा इमेल मार्फत् प्राप्त गर्न सकिनेछ ।

<u>आइडिया अवधारणा प्रस्ताव साथ पेश गर्नुपर्ने कागजात एवम् शर्तहरु</u>

१. आवेदकले उल्लेखित विषयगत क्षेत्रहरुमा आफ्नो आइडिया अवधारणा प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. कोषले तयार गरेको ढाँचामा प्रस्ताव लेख्नु पर्नेछ, ढाँचा बेगरका प्रस्तावहरू स्वतः रद्द हुनेछन् ।

३. आवेदकले बागमती प्रदेश भित्र कार्य गर्ने प्रतिबद्धतापत्र पेश गर्नु पर्नेछ।

४. आवेदकले काम गर्न प्रदेश भित्रका सार्वजनिक संस्था/ अनुसन्धान प्रतिष्ठानबाट आवश्यक सहमति पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

५. आवेदनसँगै मेन्टरको सहमतिपत्र र बायोडाटा समेत पेश गर्नु पर्नेछ । सम्बन्धित विषय मेन्टर उपलब्ध हुन नसके कोषमा आइडिया प्रस्तावसँगै मेन्टर उपलब्धकालागि आवेदन दिन सकिनेछ ।

६. अवधारणा पत्र आवेदनका लागि कुनै शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन ।

७. आइडिया प्रस्तावमा व्यक्तिगत पहिचान खुल्ने पाना बाहेक अन्य कुनै पनि पानामा प्रस्तावकको पहिचान वा परिचय दिने खालका साङ्केतिक चिह्न वा सङ्केत पाईएमा त्यस्ता प्रस्तावहरू स्वतः रद्द हुनेछन् ।

८. प्रस्तावकको नागरिकता, राष्ट्रिय परिचयपत्र, स्थायी लेखा नं., शैक्षिक योग्यताका प्रमाण पत्रहरू, कार्य अनुभवको पत्र, बायोडाटा, लगायत सबै संलग्न गरिनुपर्ने कागजातहरू अवधारणा प्रस्ताव साथ एकमुष्ठमा पेश गर्नुपर्ने छ ।

९. आइडिया अवधारणा प्रस्तावको ढाँचा सामाजिक विकास मन्त्रालयको वेवसाइटबाट डाउनलोड गर्न सकिने छ र अवधारणा पत्र पेश गर्दा कोषको सचिवालयको इमेल **stikosh2026@gmail.com** मार्फत पेश गर्न सकिने छ ।

१०. थप जानकारीको लागि कोष सचिवालयको सम्पर्क नं. ९८५५०३३५६८/९८४९०९८३७३ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

२०८३/०१/२५

## आइडिया अवधारणा प्रस्तावको ढाँचा

१. आइडिया शीर्षक (Project Title) (≤ 20 शब्द स्पष्ट र अर्थपूर्ण शीर्षक

..........................................................................................................

२. विषयगत क्षेत्र (Thematic Area)

☐ कृषि, खाद्य सुरक्षा, पोषण र जडीबुटी
☐ वन, वातावरण, प्राकृतिक विपद् जोखिम न्यूनिकरण
☐ कृतिम बौद्धिकता र सूचना प्रविधि
☐ जैविक प्रविधि, नानो प्रविधि, पदार्थ रुपान्तरण, परम्परागत र रैथाने प्रविधि रूपान्तरण र नवप्रवर्तन
☐ नवीकरणीय उर्जा विकास, विद्युत संग्रह र यातायात
☐ इन्जिनियरिङ सम्बन्धी नवप्रवर्तन र प्रविधि विकास
☐ जनस्वास्थ्य, बायोमेडिकल साइन्सेस र बायो ईन्जिनियरिङ
☐ जैविक विविधता, सँस्कृति, कला संरक्षण र विकास
☐ वैज्ञानिक र प्राविधिज्ञ पर्यटन मार्फत स्थानीयतहमा ज्ञान, प्रविधि स्थानान्तरणका कार्यक्रम

३. प्राथमिकता क्षेत्र (Priority Area) ..........................................................................

४. आयोजना कार्यस्थल (Project Location) विश्वविद्यालय/अनुसन्धान प्रतिष्ठानको नामः

जिल्लाः ....................... पालिकाः ....................... वडा नं.: .......................

५. आयोजना अवध (Project Duration) .................. महिना वर्ष /...............

६. आयोजनाको कुल लागत (Total Budget) रु............................ .अक्षरमा ..........................

- कोषबाट माग गरिएको रकम........................ .रु : अन्य स्रोत .रु :(यदि भए) ................................

७. प्रस्ताव पेश गरेको मिति (Submission Date) ..............................

८. कोषको सचिवालय प्रयोजनको लागि मात्र (For Office Use Only)

- कोषको कोड नं....... :.दर्ता नं................................. :प्राप्त मिति................................ :.

९. आवेदकको हस्ताक्षर (Signature of Applicant)

नामः ............................................. हस्ताक्षरः ......................... मितिः ..............................

सम्पर्क विवरण (प्रथम पृष्ठ कोषको आन्तरिक प्रयोगनका लागि मात्र)

| | |
|---|---|
| प्रस्तावको शीर्षक | आइडिया प्रस्ताव शीर्षक नवप्रवर्तनात्मक कार्यक्षेत्र वा विषयलाई स्पष्ट संबोधन गर्नु पर्दछ । |
| संयोजक | आइडिया सृजना, प्रस्ताव लेखन देखि कार्य सम्पन्न गर्दासम्मको प्रमुख व्यक्ति (संयोजकले व्यक्तिगत विवरण संलग्न गर्नुपर्नेछ) |
| ठेगाना | आइडिया प्रस्तावकको वा अवधारणा प्रस्तावकको सम्पर्क विवरण<br>फोन नं.<br>मोवाईल नं.<br>ईमेल |
| कार्य गर्ने प्रयोगशालाको नाम र ठेगाना | "सार्वजनिक संस्था" हुनुपर्नेछ । प्रयोगशाला को नाम र ठेगाना प्रष्ट उल्लेख हुनु पर्नेछ। |
| मेन्टरको नाम | प्रस्तावकले अनुरोध गरेमा कोषबाट समेत उपलब्ध गराउन सकिनेछ |
| साझेदारी वा सहयोगी संस्था | साझेदारी वा सहयोग गर्ने संस्था भए सो को नाम, स्वीकृति वा सहमति पत्र संलग्न गर्नुपर्ने छ । |

जानकारी

यो पृष्ठ बाहेक अन्य स्थानमा आइडिया अवधारणा पत्र प्रस्तावक व्यक्तिको पहिचान खुल्ने कुनै पनि कसिमको नाम वा चिन्ह प्रयोग गर्न पाइने छैन ।

कोषको कार्यालय प्रयोजनको लागि मात्र

| | | | |
|---|---|---|---|
| कोषको कोड नं. | | प्राप्त मिति | |
| दर्ता गर्ने कर्मचारीको नाम: | | हस्ताक्षर | |

| | |
|---|---|
| कैफियत | |

| कोषको कोड नं. | |
|---|---|

आयोजना विवरण

| | |
|---|---|
| आइडिया शीर्षक | अवधारणा प्रस्ताव गरेको कार्य प्रष्ट बुझिने गरी १० देखी १५ शब्दमा लेखु पर्दछ। |
| विषयगत क्षेत्र | कोषले निर्धारण गरेका विषयगत क्षेत्रभित्र हुनु पर्दछ । |
| आयोजना स्थल | सार्वजनिक प्रयोगशाला वा अनुसन्धान संस्थामा आवद्ध हुने पर्नेछ । |
| लाभान्वित वर्ग/क्षेत्र | लाभान्वित वर्ग, क्षेत्र र यसले पार्ने प्रभाव उल्लेख गर्नुपर्दछ । |
| आयोजनाको लागत | जम्मा लाग्ने खर्च |
| आयोजनाको अवधी | आयोजना सम्पन्न गर्न लाग्ने समय अवधि |

**१ .आइडिया पृष्ठभूमि (२०० शब्द)**

यस खण्डमा प्रस्तावकले देहायका बुँदाहरू समेटी पृष्ठभूमि लेख्नुपर्नेछः

**१. समस्या र सन्दर्भ (Problem & Context):**

- सम्बन्धित क्षेत्र/विषय उल्लेख गर्ने ।
- हालको प्रमुख समस्या, चुनौती वा आवश्यकता के हो?
- समस्या कहाँ (भौगोलिक क्षेत्र/समुदाय) र किन महत्वपूर्ण छ?
- यस समस्याले आर्थिक, सामाजिक वा प्राविधिक रूपमा के प्रभाव पारेको छ?

**२. हालसम्मका अनुसन्धान, नवप्रवर्तन तथा प्रविधि (Existing Research & Innovations):**

- प्रस्ताव सम्बन्धमा पहिले भएका प्रमुख अनुसन्धान र विकसित प्रविधिहरू संक्षेपमा उल्लेख गर्नु पर्दछ । हाल उपलब्ध प्रमुख उपलब्धि (achievements) र सीमितता (limitations) के-के छन्? र ती प्रयासहरू पूर्ण रूपमा कार्यान्वयन भएका छन् वा सीमित दायरामा मात्र छन्? उल्लेख गर्नु पर्दछ ।

**३. ज्ञान अन्तर (Knowledge Gap):**

- विद्यमान अनुसन्धान र व्यवहारिक प्रयोगबीच के अन्तर छ?
- कुन समस्या अझै समाधान हुन बाँकी छ?
- प्रस्तावित आइडिया किन आवश्यक छ? स्पष्ट पार्नु पर्दछ ।

**४. आइडियाको महत्व र अपेक्षित योगदान (Significance & Expected Contribution):**

- प्रस्तावित आइडियाले माथि उल्लेखित समस्या कसरी समाधान गर्नेछ?
- यसबाट उत्पादन, गुणस्तर, प्रविधि विकास वा सेवा सुधारमा के कस्तो योगदान पुग्नेछ?
- स्थानीय, क्षेत्रीय वा राष्ट्रिय समृद्धिमा यसको सम्भावित प्रभाव के कस्तो हुनेछ?

नोटः

- भाषा संक्षिप्त, तथ्यमा आधारित र स्पष्ट हुनुपर्छ।
- अनावश्यक र असान्दर्भिक विवरण दिनु हुँदैन । समस्या, अनुसन्धान अवस्था र समाधानको सम्बन्ध स्पष्ट देखिनु पर्दछ।
- सम्भव भएका प्रमाण/उद्दरण (evidence-based statements) र सफलताका सम्भाव्य आधारहरू प्रयोग गर्नुपर्दछ ।

## २ .आइडियाको पुष्टयाई (Justification of the Project) (३०० शब्द)

यस खण्डमा प्रस्ताव गरिएको आइडियाको आवश्यकता, औचित्य र प्रभाव उल्लेख गर्नु पर्दछ । प्रस्तावकलाई सहजता प्रदान गर्न यस खण्डमा उल्लेख गर्नुपर्ने केही बुँदाहरू यस प्रकार छन् ।

१. आइडिया किन आवश्यक छ? **(Rationale / Need of the Project):**

- पहिचान गरिएको मुख्य समस्या/चुनौती स्पष्ट रूपमा उल्लेख गर्नु पर्दछ ।
- पहिचान गरिएका समस्या समाधान नगर्दा के-कस्ता नकारात्मक असरहरू देखिन सक्दछन् ।
- विद्यमान भईरहेका वा गरि आइएका प्रयासहरू वा प्रविधिहरू किन पर्याप्त छैनन् वा भएनन्?
- किन नयाँ अनुसन्धान वा नवप्रवर्तन आवश्यक छ भन्ने ठोस कारण प्रस्तुत गर्नु पर्दछ ।

२. स्थानीय/ प्रादेशिक तथा राष्ट्रिय विकासमा योगदान **(Contribution to Local/Provincial/National Development):**

- प्रस्तावित आइडियाले [प्रदेश/स्थानीय तह/राष्ट्रिय स्तर] को समृद्धि वा नागरिकको जीवन सहजीकरणमा कसरी योगदान पुऱ्याउँछ?
- विषयगत क्षेत्र जस्तै कृषि, उद्योग, वातावरण, स्वास्थ्य, रोजगारी, उद्यमशीलता वा अन्य क्षेत्रमा पर्ने सकारात्मक प्रभाव उल्लेख के कस्तो छ?
- प्रस्तावित आइडियाले आर्थिक समृद्धि, उत्पादन वृद्धि, आयआर्जन, आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धनमा कस्तो भूमिका खेल्नेछ?
- नागरिक वा लक्षित समुदायको जीवनस्तरमा कस्तो परिवर्तन ल्याउने अपेक्षा गरिएको छ?

३. वैज्ञानिक तथा प्रविधिगत औचित्य **(Scientific & Technological Justification):**

- प्रस्तावित अनुसन्धान वा प्रविधि किन वैज्ञानिक रूपमा उपयुक्त र आवश्यक छ?
- प्रयोग गरिने विधि, प्रविधि वा दृष्टिकोण के-के हुन्?
- यसले मौजुदा प्रविधिमा कसरी सुधार ल्याउँछ वा कस्तो नवीनता (innovation) थप्दछ?
- स्थानीय स्रोत, जैविक विविधता, वा उपलब्ध रैथाने ज्ञानसँग यसको कस्तो सम्बन्ध छ?

यस खण्डको लेखन मार्गदर्शन **(Guidelines):**

- समस्या, समाधान र प्रभाव बीच स्पष्ट सम्बन्ध देखिने गरी लेख्नु पर्दछ ।
- तथ्य, उद्दरण वा सन्दर्भ (जहाँ सम्भव छ) समावेश गर्नु पर्दछ ।
- अनावश्यक विवरण राख्नु हुँदैन, तर्कसंगत र प्रमाणमा आधारित प्रस्तुति हुनु पर्दछ ।
- भाषा स्पष्ट, औपचारिक र प्रभावकारी हुन आवश्यक छ ।

## ३. आइडियाको उद्धेश्य (Objectives based on ISMART Outcomes) (२०० शब्द (

उद्देश्य (Objective) भनेको प्रस्तावकको आइडियाले के हासिल गर्न चाहन्छ? अभिप्राय (intent) स्पष्ट हुनुपर्दछ । यसले सामान्यतया लक्ष्यदिशा/ जनाउदछ । उद्देश्यले के गर्ने"?" वा के हासिल गर्ने"?" भन्ने प्रश्नको उत्तर दिनु पर्दछ । प्रस्तावमा उद्देश्यहरू उल्लेख गर्दा ठोस, परिणाम मुखी र तोकिएको अवधिमा उपलब्धि हासिल गर्नेमा केन्द्रित हुनुपर्छ । **कोषको मूल उद्देश्य प्रदेशको समृद्धि तथा नागरिकको जीवनस्तर रुपान्तरणमा पार्ने प्रभाव हो ।**

प्रस्तावकले उद्देश्यका बुँदाहरू उल्लेख गर्दा आइडियाबाट प्राप्त हुने मापनयोग्य **(measurable)** उपलब्धिहरू **(outcomes)** लाई स्पष्ट रूपमा प्रस्तुत हुने गरी उद्देश्यहरू (SMART- Specific, Measurable, Achievable, Relevant, Time-bound) तयार गर्नुपर्दछ ।

SMART को ढाँचा अनुसूची १ अनुसार भर्नु पर्दछ ।

<u>महत्वपूर्ण सुझाव</u>: धेरैले अवधारणा पत्र लेख्दा Objective र Outcome मिसाउने गर्दछन् । राम्रो proposal मा Objective स्पष्ट हुन्छ र Outcome मापनयोग्य हुन्छ र यी दुवैबीच सीधा सम्बन्ध (logical linkage) देखिन्छ सरल रूपमा बुझ्दा Objective भनेको लक्ष्य (Goal/Intent) हो Outcome परिणाम (Result/Change) सहित हुनुपर्दछ ।

<u>उदाहरण</u>:

Objective र Outcome मामुख्य फरक (Key Differences) यस प्रकार छ

| पक्ष | उद्देश्य (Objective) | Outcome |
|---|---|---|
| प्रकृति | लक्ष्यइरादा/ | वास्तविक परिणाम |
| प्रश्न | के हासिल गर्ने? | के परिवर्तन आयो? |
| लेखन शैली | सामान्यदिशानिर्देशक/ | मापनयोग्यपरिणाममुखी/ |
| समय | भविष्य केन्द्रित | कार्यान्वयनपछि देखिने |
| उदाहरण | उत्पादन वृद्धि गर्ने | उत्पादन २०वृद्धि भयो % |

## ४ .आइडियाको उपलब्धी (Achievements)

यस खण्डमा प्रस्तावकले आइडियाबाट प्राप्त हुने ठोस, मापनयोग्य **(quantifiable)** उपलब्धिहरू स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्ने हुँदा उपलब्धिहरू प्रायः Output स्तरका (**deliverables**) हुन्छन् र प्रत्यक्ष रूपमा प्रमाणित गर्न सकिने हुनुपर्छ । उपलब्धी लेख्दा आइडियाको प्रकृति अनुसार शीर्षकहरू अनुसार संरचना मिलाएर लेख्नु पर्दछ । उदाहरणः

(उपलब्धीका प्रकारहरू (Achievement Categories) अनुसार लेख्नु पर्नेछ(

१ .Prototype Development (उपकरण(प्रविधि विकास/

- कस्ता नयाँ उपकरण, प्रविधि, प्रणाली वा मोडेल विकास गरिनेछ?
- Prototype को संख्या र प्रकार स्पष्ट उल्लेख गर्नुहोस्।

२ .Technology Validation (TRL Level) सहित

- विकास गरिएको प्रविधि कुन स्तर (TRL – Technology Readiness Level) सम्म परीक्षण मान्य/ हुनेछ?
- प्रयोगशाला, पाइलट वा फिल्ड स्तरमा परीक्षणको अवस्था उल्लेख गर्नु पर्दछ।

३ .Publication / Patent / Intellectual Property (IP)

- अनुसन्धानबाट के कति [संख्या [ वैज्ञानिक प्रकाशन, पेटेन्ट वा IP उत्पादन हुनेछन्? उल्लेख गर्नु पर्दछ।
- सम्भावित प्रकाशनको स्तर -[संख्या] वटा [SCI/Scopus] जर्नलमा प्रकाशन उल्लेख गर्नु पर्दछ ।

४ .Skill Development (दक्ष जनशक्ति विकास)

- कति जनाले सिक्नेछन् वा कति जनालाई तालिम दिइनेछ?
- कस्ता सीप (technical skills) विकास गरिनेछ?

५ .Policy Contribution (नीतिगत योगदान)

- आइडियाले नीति निर्माण वा सुधारमा के कस्तो योगदान पुऱ्याउँछ?
- Guideline, policy brief, recommendation आदि उल्लेख गर्नु पर्दछ ।

## प्रभाव (Impacts)

यस खण्डमा प्रस्तावकले आइडियाबाट पर्ने प्रभावहरूलाई तीन तह (Short-term, Medium-term, Long-term) मा वर्गीकरण गरी प्रस्तुत गर्न सक्नेछन् । प्रभावहरू Outcome भन्दा माथिल्लो स्तरका हुन्छन् र व्यापक सामाजिक, आर्थिक तथा वातावरणीय परिवर्तन देखाउने खालको हुन्छ । प्रस्तावकले प्रभाव (Impacts) अनुसूची २ बमोजिमको ढाँचामा लेख्न पर्नेछ ।

क. ***Short-term Impact*** *(१-२ वर्षभित्र—*परियोजना कार्यान्वयनको प्रारम्भिक चरणमै देखिने प्रभावहरू)

- उत्पादन, उत्पादकत्व वा सेवा गुणस्तरमा कस्तो सुधार आउँनेछ?
- कति जनशक्तिले दक्षता (skilled) हासिल गर्नेछन् वा तालिम प्राप्त गर्नेछन् ?
- नयाँ प्रविधि अपनाउने दर कति बढ्नेछ?

लेखन ढाँचा:

- "[लक्षित समूह मा [उत्पादकत्व/उत्पादन] को प्रयोगबाट [कार्यक्रम/प्रविधि] मा [ वृद्धि [परिमाण/प्रतिशत]हुनेछ।"
- "[संख्यामा कार्य [क्षेत्र] जनशक्ति दक्ष भई [ गर्नेछन्।"

ख ***Medium-term Impact*** *(५ वर्षभित्र:* परियोजना विस्तार र स्थायित्वतर्फ जाने प्रभावहरू)

- उद्योगउद्यम स्थापना वा विस्तार भएको छ कि छैन/ वा कसरी हुन्छ?
- प्रविधि अन्य क्षेत्र, उद्यम वा समुदायमा कतिको फैलिन (scaling/replication) सक्दछ?
- बजारीकरण, आपूर्ति प्रणाली वा संस्थागत विकासमा कस्तो सुधार आउन सक्दछ?

लेखन ढाँचा:

- "[संख्या सिर्जना [आय/रोजगारी] उद्योग स्थापना भई/नयाँ उद्यम [हुने सम्भावना?
- "विकसित प्रविधि प्रयोगकर्ता[संख्या/प्रतिशत] मा विस्तार भई [प्रदेश/क्षेत्र] पुग्ने सम्भावना।"

ग ***Long-term Impact*** *(५ वर्षभन्दा बढी:* दीर्घकालीन संरचनात्मक परिवर्तन र समृद्धिमा योगदान

क्षेत्रीय/राष्ट्रिय आर्थिक वृद्धिमा कस्तो योगदान पुग्न सक्दछ?

- दीगो विकास (Sustainable Development) मा कस्तो प्रभाव पर्न सक्दछ?
- वातावरणीय संरक्षण, स्रोतको पुनःप्रयोग (circularity), हरित प्रविधि (green growth) जस्ता पक्षहरूमा के सुधार आउन सक्दछ?

लेखन ढाँचाः

- "[क्षेत्र प्रदेशीय अर्थतन्त्रमा दीर्घकालीन योगदान/को विकासमार्फत स्थानीय [उद्योग/कसरी पुग्न सक्दछ?
- "स्रोतको दिगो उपयोग र वातावरणीय प्रभाव न्यूनीकरण भई हरित विकासलाई कसरी प्रवर्द्धन गर्न सक्दछ?

घ *SDGs, Green Growth, Circular Economy सँग सम्बन्धः* आइडियाको प्रभाव कुनकुन- SDGs (जस्तै :SDG 1, 2, 8, 12, 13) सँग सम्बन्धित छ?

- हरित प्रविधि, कार्बन न्यूनीकरण, स्रोत दक्षता (resource efficiency) कसरी सम्बोधन हुन्छ?
- Circular Economy (reuse, recycle, waste-to-resource) का पक्षहरू उल्लेख गर्नुहोस्।

लेखन ढाँचाः

- "यस आइडियाले SDG [नम्बर–) [उद्देश्यमा कसरी योगदान पुर्‍याउँछ।"
- "हरित विकास (Green Growth) र चक्रिय अर्थतन्त्र (Circular Economy) को सिद्धान्त अनुसार मार्फत स्रोतको दिगो उपयोग [प्रविधि/कार्य]कसरी सुनिश्चित गर्दछ?

## ६ .आइडियाको अपेक्षित प्रतिफलहरु(२०० शब्द)

यस खण्डमा प्रस्तावकले आइडियाबाट प्रत्यक्ष प्राप्त हुने नतिजा (outputs) तथा त्यसका प्रयोगात्मक लाभहरू (results/use cases) स्पष्ट रूपमा प्रस्तुत गर्नु पर्दछ । यी प्रतिफलहरू आइडियाका उपलब्धीसँग सम्बन्धित भई प्रयोग, प्रसार र उपयोगिता (utilization) मा बढी केन्द्रित हुनुपर्छ। यसबारे तलका बुँदाहरू समेटेर लेख्न सकिनेछ ।

*क. प्रतिफलका मुख्य क्षेत्रहरू (Key Result Areas)*

१ .प्रविधि) उपकरण विकास/Technology/Tool Development):

- विकास गरिएका प्रविधि, मोडेल वा उपकरण केके हुन्-?
- तिनको प्रयोग क्षेत्र (application area) के हो र कसरी गरिनेछ?

लेखन ढाँचाः

- "[................प्रविधि] विकास भई [उपकरण/................क्षेत्र मा प्रयोगयोग्य [हुनेछ।"

२ .SOP / Manual / Guideline (प्रक्रियागत दस्तावेज)

- प्रयोगका लागि SOP, हातेपुस्तिका, guideline तयार हुनेछन् कि छैनन्?
- (कसका लागि कृषक), प्राविधिक, उद्यमउपयोगी हुनेछन् ?

लेखन ढाँचाः

- "[संख्या वटा [SOP/manual तयार भई "मा प्रयोग हुनेछ। [लक्षित समूह]

३ .Publication / Reports / Knowledge Products:

- अनुसन्धानका नतिजाबाट कस्ता प्रकाशन वा प्रतिवेदन तयार हुनेछन्?
- ज्ञान प्रसारका माध्यम (journal, report, policy brief, audiovisual materials) उल्लेख गर्नुपर्नेछ ।

लेखन ढाँचाः

- "[संख्या] प्रतिवेदन तथा/वटा प्रकाशन [video/audio सामग्रीविकास गरिनेछ [

४ .Start-up / Commercialization (व्यावसायीकरण):

- प्रविधि वा उत्पादनलाई बजारमा कसरी लैजाने योजना छ?
- नयाँ उद्यम, उत्पादन वा सेवा सुरु हुनेछन् कि छैनन्?

लेखन ढाँचा:

- "[संख्या वटा [start-up/उद्यम स्थापना भई [सेवा/उत्पादन]व्यावसायीकरण गरिनेछ।"

**ख. Expected Results Summary Table (Logframe-friendly format)**

| Result Area | Description (विवरण( | Target (लक्ष्य( | Beneficiaries (लाभान्वित वर्ग( | Means of Verification (प्रमाण( |
|---|---|---|---|---|
| Technology Development | [प्रविधि विवरण[ | [संख्या[प्रकार/ | [कृषक[प्राविधिक/उद्यमी/ | प्राविधिक रिपोर्ट |
| SOP / Manual | [दस्तावेज प्रकार[ | [संख्या[ | [लक्षित समूह[ | प्रकाशित सामग्री |
| Publication / Reports | [प्रकाशन प्रकार[ | [संख्या[ | [अनुसन्धान समुदाय[नीतिनिर्माता/ | जर्नलरिपोर्ट/ |
| Start-up / Commercialization | [उद्यम[उत्पादन/ | [संख्या[ | [उद्यमी[समुदाय/ | दर्ता कागजातबजार डेटा/ |

**ग. लेखन निर्देशिका (Guidelines):**

- प्रतिफलहरू प्रयोगयोग्य (usable) र लाभान्वित हुने समूह स्पष्ट हुने गरी लेख्नु पर्दछ ।
- Output (के उत्पादन भयो + (Use (कसले प्रयोग गर्ने + (Benefit (के फाइदा भय जोडेर लेख्नु पर्दछ।
- संख्यात्मक (quantifiable) र समय सीमित बनाउनु पर्दछ ।
- आइडियाको प्रतिफल कोषको उद्देश्यसँग मेल खाने हुनुपर्छ ।

घ. उदाहरण:

- २ वटा च्याउ उत्पादन प्रविधि विकास भई १०० कृषकले प्रयोग गर्नेछन्।"
- १ वटा SOP manual तयार भई प्राविधिक तथा उद्यमीहरूलाई वितरण गरिनेछ।"
- २ वटा वैज्ञानिक लेख र १ वटा भिडियो सामग्रीमार्फत ज्ञान प्रसार गरिनेछ।"
- २ वटा start-up मार्फत उत्पादन व्यावसायीकरण गरिनेछ।"

## ७ कार्ययोजना तथा विधि .(Work Plan & Methodology) –५०० शब्द

यस खण्डमा प्रस्तावकले आइडिया परियोजना कसरी सञ्चालन हुनेछ (How the idea project will be implemented) भन्ने कुरा प्रष्ट, चरणबद्ध र संरचनात्मक रूपमा प्रस्तुत गर्नुपर्दछ । **कार्ययोजना** Output–Activity–Method मा आधारित हुनुपर्छ र अनुसन्धान, नवप्रवर्तन, परीक्षण, प्रसार तथा विस्तार (upscaling) सबै पक्ष समेटिनु पर्दछ ।

**क. अनुसन्धान डिजाइन (Research Design)**

- अनुसन्धानको प्रकार (Applied/Experimental/Field-based) उल्लेख गर्नु पर्दछ ।
- अध्ययन क्षेत्र, नमूना चयन (sampling), र समग्र दृष्टिकोण (approach) के हुनेछ?

- परियोजनाको संरचना (phases/modules) संक्षेपमा वर्णन गर्नु पर्दछ ।

ख. प्रयोगशाला विधि (Laboratory Methods)

- प्रयोगशालामा प्रयोग हुने सामग्री, उपकरण र तयारी प्रक्रिया उल्लेख गर्नु पर्दछ ।
- परीक्षण विधि (testing protocols), विश्लेषण विधि (analytical methods) केके हुनेछन्-?
- आवश्यकता अनुसार SOP वा मानक विधिहरू उल्लेख गर्नु पर्दछ ।

ग. Technology/Prototype Development (प्रविधि / मोडेल विकास)

- प्रविधि, उपकरण वा प्रोटोटाइप कसरी विकास गरिनेछ?
- डिजाइन, परिमार्जन (modification) र परीक्षण प्रक्रिया के हुनेछ?

घ. Field Validation (स्थलगत परीक्षण)

- प्रयोगशालाबाट विकसित प्रविधि फिल्डमा कसरी परीक्षण गरिनेछ?
- लक्षित समूह क्षेत्रमा/validation प्रक्रिया के हुनेछ?
- "विकसित प्रविधि मा फिल्ड परीक्षण गरी यसको प्रभावकारिता मूल्याङ्कन [समुदाय/स्थान] "गरिनेछ ।

ङ. Technology Scaling & Uptake (प्रविधि विस्तार तथा प्रयोग(

- प्रविधि कसरी विस्तार (scaling) गरिनेछ?
- तालिम, प्रदर्शन (demonstration), र dissemination को योजना के छ?
- प्रविधि प्रयोगकर्तासम्म [संख्या]कसरी विस्तार गरिनेछ ।"

च. Innovation Pathway (नवप्रवर्तन मार्गचित्र)

- अनुसन्धानदेखि व्यावसायीकरणसम्मको चरण (research → validation → adoption → commercialization) स्पष्ट उल्लेख गर्नु पर्दछ ।
- Startup, incubation वा बजारीकरण कसरी हुनेछ?

<u>लेखन ढाँचा:</u>

- "अनुसन्धानबाट प्राप्त नतिजालाई validation पछि उद्यम विकास र बजारीकरण मार्फत व्यावसायीकरण गर्ने तरिका"

छ. क्रियाकलापउपलब्धी सम्बन्ध— (Activity–Output Linkage)

| Output (प्रतिफल( | Key Activities (मुख्य क्रियाकलाप( | Method/Approach (विधि( |
|---|---|---|
| [Output 1] | [Activity 1, 2] | [Lab/Field method] |
| [Output 2] | [Activity 3, 4] | [Testing/Validation] |

ज. सहभागिता र स्रोत परिचालन (Participation & Resource Utilization)

- आइडिया परियोजना कसरी सहभागितात्मक (participatory) रूपमा सञ्चालन हुनेछ?
- साझेदार संस्था, प्रयोगशाला, विशेषज्ञ तथा स्रोतहरूको भूमिका के हुनेछ?

<u>लेखन ढाँचा:</u>

- "आइडिया [संस्था/समूह] को सहकार्यमा सञ्चालन भई [प्रयोगशाला/स्रोत] को उपयोग गरिनेछ । विशेषज्ञ तथा प्राविधिक टोली सक्रिय रूपमा संलग्न रहनेछन् ।"

I. Monitoring, Evaluation & Upscaling Integration

- अनुगमन (monitoring) र मूल्याङ्कन (evaluation) कसरी गरिनेछ?
- सफल प्रविधिको विस्तार (upscaling) योजना के छ?

<u>लेखन ढाँचा:</u>

- "नियमित अनुगमन तथा मूल्याङ्कनमार्फत प्रगति मूल्याङ्कन गरिनेछ र सफल प्रविधिलाई अन्य क्षेत्रमा विस्तार गरिनेछ।"

**लेखन निर्देशिका (Guidelines):**

- चरणबद्ध (step-wise) र तार्किक (logical flow) राखु पर्दछ ।
- Output–Activity–Method बीच स्पष्ट सम्बन्ध देखाउनु पर्दछ ।
- प्रयोगशाला, फिल्ड र व्यावसायीकरण तीनै पक्ष समेट्नु पर्दछ ।
- सहभागिता, स्रोत र दक्षता स्पष्ट उल्लेख गर्नु पर्दछ ।
- संक्षेपमा तर पूर्ण (concise but comprehensive) प्रस्तुति दिनु पर्दछ ।

## ८ .Logical Framework (Logframe) अनुसूची ३ बमोजिम राखुपर्नेछ

| Goal | Outcome | Output | Activities | Indicators | Means of Verification |
|---|---|---|---|---|---|

## ९ .लाभान्वित वर्ग (Beneficiaries) -(२०० शब्द)

यस खण्डमा प्रस्तावकले नवप्रवर्तनात्मक अनुसन्धानबाट विकसित विधि, प्रविधि, उपकरण, सीप, ज्ञान वा नवप्रवर्तनको प्रयोगबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित हुने समूहहरू पहिचान गरी प्रस्तुत गर्नुपर्नेछ । लाभान्वित वर्गहरूलाई सामाजिक, आर्थिक, वातावरणीय तथा स्वास्थ्य पक्षसँग जोडेर वर्णन गर्नुपर्दछ ।

**क. मुख्य लाभान्वित समूह (Primary Beneficiaries)**

- आइडियाबाट सिधै प्रतिफल प्राप्त गर्ने लक्षित समूह को को हुन्?
- किसान, उद्यमी, उद्योग, नागरिक वा समुदाय स्तरमा कस्तो लाभ पुग्नेछ?

<u>लेखन ढाँचा:</u>

- "[संख्या/समूह] कृषक/उद्यमीहरूले [प्रविधि/सीप] प्रयोग गरी उत्पादन, आम्दानी वा सेवा सुधार गर्नेछन्।"

**ख. विशेष प्राथमिकता समूह (Targeted Inclusive Groups)**

- महिला, युवा, सीमान्तकृत, पिछडिएका वा विशेष लक्षित समुदाय समावेश गरिएको छ कि छैन?
- उनीहरूको सहभागिता र लाभ कसरी सुनिश्चित गरिन्छ?

<u>लेखन ढाँचा:</u>

- "आइडियामा [प्रतिशत/संख्या] महिला, युवा तथा सीमान्तकृत समूहलाई प्राथमिकताका साथ सहभागी गराइनेछ, जसबाट उनीहरूको आर्थिक सशक्तीकरण हुनेछ।"

**ग. निजी क्षेत्र तथा संस्थागत लाभान्वित वर्ग (Private Sector & Institutional Beneficiaries)**

- निजी क्षेत्र, सहकारी, उद्योग वा सेवा प्रदायकहरूलाई कस्तो लाभ पुग्नेछ?
- प्रविधि हस्तान्तरण वा सहकार्यको पक्ष उल्लेख गर्नुपर्दछ ।

<u>लेखन ढाँचा:</u>

- "निजी क्षेत्र/उद्योगहरूले विकसित प्रविधि अपनाई उत्पादन विस्तार र बजार प्रतिस्पर्धात्मकता वृद्धि गर्नेछन्।"

घ. अप्रत्यक्ष लाभान्वित वर्ग( **Secondary Beneficiaries)**

- समुदाय, उपभोक्ता, वातावरण वा समाजमा पर्ने व्यापक लाभ के-के हुन्?

लेखन ढाँचाः

- "यस आइडियाबाट स्थानीय समुदाय, उपभोक्ता तथा वातावरणले गुणस्तरीय उत्पादन, रोजगारी अवसर र दिगो स्रोत व्यवस्थापनबाट लाभ प्राप्त गर्नेछन्।"

**ङ. Beneficiary Summary Table (Logframe-friendly format)**

| Beneficiary Group | Type (Primary/Secondary) | Expected Benefit (लाभ( | Estimated Number (संख्या( |
|---|---|---|---|
| कृषकउद्यमी/ | Primary | उत्पादन वृद्धि, आम्दानी वृद्धि | (संख्या[ |
| महिलायुवा/ | Priority Group | सीप विकास, रोजगार अवसर | (संख्या[ %/ |
| निजी क्षेत्रउद्योग/ | Institutional | प्रविधि प्रयोग, व्यवसाय विस्तार | (संख्या[ |
| समुदायउपभोक्ता/ | Secondary | गुणस्तरीय सेवाउत्पादन/ | (क्षेत्र[ जनसंख्या/ |

लेखन निर्देशिका **(Guidelines):**

- लाभान्वित वर्गहरू स्पष्ट, वर्गीकृत र मापनयोग्य (संख्या/प्रतिशत सहित) हुनुपर्छ।
- प्रत्यक्ष (direct) र अप्रत्यक्ष (indirect) लाभ छुट्याएर लेख्नु पर्दछ ।
- समावेशीता (inclusion) र समान अवसर (equity) सुनिश्चित भएको देखाउनु पर्दछ ।
- आइडियाको प्रतिफलसँग लाभान्वित वर्गको स्पष्ट सम्बन्ध देखिनु पर्दछ ।

## १०. जोखिम विश्लेषणः (Risk Analysis)

यस खण्डमा प्रस्तावकले आइडियाको कार्यान्वयनका क्रममा उत्पन्न हुन सक्ने आन्तरिक तथा बाह्य जोखिमहरू पहिचान गरी तिनले परियोजनाको लक्ष्य प्राप्तिमा सम्भावित प्रभाव पार्ने तथा तिनको न्यूनीकरण )mitigation) का उपायहरू स्पष्ट रूपमा प्रस्तुत गर्नु पर्दछ । जोखिमहरू प्रायः परियोजनाको प्रत्यक्ष नियन्त्रणभन्दा बाहिरका हुन सक्छन् र यिनको व्यवस्थापनका लागि पूर्वतयारी आवश्यक हुन्छ। Risk Analysis Table (Logframe-friendly format) देहाय बमोजिम भर्नुपर्नेछ ।

**Risk Analysis Table (Logframe-friendly format)**

| Risk Category | Risk Description (जोखिम विवरण( | Likelihood (सम्भाव्यता( | Impact (प्रभाव( | Mitigation Strategy (न्यूनीकरण उपाय( |
|---|---|---|---|---|
| Technical | (प्रविधि असफलता उपकरण/ [समस्या | Medium/High | High | वैकल्पिक प्रविधि, विशेषज्ञ सहयोग |
| Financial | (बजेट अभाव[लागत वृद्धि/ | Medium | Medium | लागत नियन्त्रण, वैकल्पिक स्रोत |
| Environmental | (मौसम[प्राकृतिक जोखिम/ | High | High | अनुकूलन उपाय, contingency plan |
| Social/Institutional | (सहभागिता[नीति समस्या/ | Low/Medium | Medium | समन्वय, stakeholder engagement |

क. जोखिमका प्रकारहरू (Categories of Risks)

१) प्राविधिक जोखिम .Technical Risks):

- प्रविधि विकास, परीक्षण वा कार्यान्वयनमा आउने चुनौतीहरू के हुन्?
- उपकरण, प्रयोगशाला सुविधा वा दक्ष जनशक्ति सम्बन्धी समस्या के हुन सक्छ?

लेखन ढाँचा:

- "[प्रविधि/विधि] अपेक्षित रूपमा कार्य नगर्न सक्ने जोखिम रहन्छ।"

२ वित्तीय जोखिम (Financial Risks):

- बजेट अभाव, लागत वृद्धि वा वित्तीय स्रोतको अनिश्चितता के-के हुन सक्छ?
- बजार मूल्य उतारचढाव वा लगानी जोखिम उल्लेख गर्नुपर्दछ ।

लेखन ढाँचा:

- "आवश्यक स्रोतको अभाव वा लागत वृद्धि हुँदा आइडिया प्रभावित हुन सक्छ।"

३) वातावरणीय जोखिम .Environmental Risks):

- मौसम, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप वा जैविक जोखिम के-के हुन सक्छन्?

लेखन ढाँचा:

- "मौसमीय परिवर्तन वा प्राकृतिक विपद्का कारण उत्पादन/परीक्षणमा असर पर्न सक्छ।"

४) सामाजिक तथा संस्थागत जोखिम .Optional but Recommended):

- सहभागिता अभाव, नीतिगत परिवर्तन वा संस्थागत समन्वयमा समस्या हुन सक्छ कि?

लेखन ढाँचा:

- "लक्षित समूहको न्यून सहभागिता वा नीतिगत परिवर्तनले परियोजाना कार्यान्वयनमा असर पार्न सक्छ।"

ख. Risk Mitigation Strategies (जोखिम न्यूनीकरण उपायहरू(

- प्रत्येक जोखिमका लागि समाधान वा न्यूनीकरण रणनीति उल्लेख गर्नु पर्दछ ।

लेखन ढाँचा:

- "प्राविधिक जोखिम न्यूनीकरणका लागि वैकल्पिक विधि तथा विशेषज्ञ सहयोग प्रयोग गरिनेछ।"
- "वित्तीय जोखिम व्यवस्थापनका लागि बजेट लचिलोपन र सह—वित्तीय स्रोत परिचालन गरिनेछ।"
- "वातावरणीय जोखिम न्यूनिकरणका लागि अनुकूलन प्रविधि तथा आकस्मिक योजना अपनाइनेछ।"

ग. विशेष नोट (If No Significant Risk):

- यदि कुनै प्रमुख जोखिम देखिँदैन भने पनि सामान्य जोखिम र न्यूनतम न्यूनीकरण उपाय उल्लेख गर्नु उपयुक्त हुन्छ।

लेखन ढाँचा:

- "हाल कुनै गम्भीर जोखिम देखिँदैन, तथापि सामान्य प्राविधिक र व्यवस्थापनसम्बन्धी जोखिमलाई ध्यानमा राखी आवश्यक सावधानी अपनाइनेछ।"

लेखन निर्देशिका (Guidelines):

- जोखिमहरू यथार्थपरक (realistic) र सान्दर्भिक हुनुपर्छ।
- प्रत्येक जोखिमसँग सम्बन्धित mitigation strategy अनिवार्य रूपमा उल्लेख गर्नुपर्छ ।
- Risk लाई Outcome वा Impact सँग जोडेर सोच्नुपर्छ ।
- संक्षिप्त, स्पष्ट र तालिकात्मक प्रस्तुति प्रयोग गर्नुपर्छ ।

## ११. तर्कयुक्त ढाँचा (Logical Framework) अनुसूची ३ बमोजिम तयार गर्नु पर्दछ ।

यस खण्डमा प्रस्तावकले आइडियाको परियोजनालाई Goal-Outcome-Output-Activity संरचना अनुसार तार्किक रूपमा प्रस्तुत गर्नुपर्नेछ । तर्कयुक्त ढाँचा (Logframe) ले आइडिया परियोजनाको उद्देश्य, उपलब्धि, क्रियाकलाप, सूचक, प्रमाण र पूर्वधारणा बीचको सम्बन्ध स्पष्ट देखाउनुपर्छ ।

क. **Logframe Components** (व्याख्या)

१ .Goal (Impact Level):

- दीर्घकालीन समृद्धि, आर्थिक वृद्धि, जीवनस्तर सुधारसँग सम्बन्धित हुन्छ।
- परियोजनाले अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने लक्ष्य।

लेखन ढाँचा:

- "[क्षेत्र] मा आर्थिक समृद्धि र दिगो विकासमा योगदान पुऱ्याउने।"

२ .Outcome (Purpose Level):

- परियोजनाबाट प्रत्यक्ष प्राप्त हुने मुख्य परिणाम (measurable change)।
- ISMART आधारित हुनुपर्छ।

<u>लेखन ढाँचा:</u>

- "[लक्षित समूह] मा [मापनयोग्य परिवर्तन] हासिल हुने।"

३ .Outputs (उपलब्धी:(

- परियोजनाबाट प्रत्यक्ष उत्पादन हुने deliverables (जस्तैः प्रविधि, तालिम, प्रकाशन)।

<u>लेखन ढाँचा:</u>

- "[संख्या] वटा प्रविधि विकास"
- "[संख्या] जना तालिमप्राप्त जनशक्ति"

४ .Activities (क्रियाकलाप)

- Outputs प्राप्त गर्न गरिने कार्यहरू (जस्तैः अध्ययन, परीक्षण, तालिम, प्रसार) ।

<u>लेखन ढाँचा:</u>

- "प्रयोगशाला परीक्षण सञ्चालन गर्ने"
- "फिल्ड डेमो र तालिम कार्यक्रम सञ्चालन गर्ने"

ख. लेखन निर्देशिका (**Guidelines**):

- Goal → Outcome → Output → Activity बीच स्पष्ट तार्किक सम्बन्ध (logical linkage) हुनुपर्छ।
- प्रत्येक स्तरका लागि indicator, baseline, target अनिवार्य रूपमा राख्नुहोस्।
- Outputs र Activities बीच 1: multiple सम्बन्ध हुन सक्छ (एक output का लागि धेरै activities) ।
- Assumptions यथार्थपरक र जोखिमसँग सम्बन्धित हुनुपर्छ।
- तालिका संक्षिप्त तर पूर्ण (concise but complete) हुनुपर्छ।

ग. **Quick Check (Self-validation):**

- के Activities ले Outputs दिन्छ?
- के Outputs ले Outcome प्राप्त गराउँछ?
- के Outcome ले Goal मा योगदान पुऱ्याउँछ?

## १२. आर्थिक विवरण (Budget & Financial Plan)

यस खण्डमा प्रस्तावकले आइडिया परियोजनाका उपलब्धिहरू हासिल गर्न आवश्यक पर्ने न्यूनतम बजेट मात्र प्रस्तुत गर्नु पर्नेछ। बजेट क्रियाकलाप आधारित (activity-based) हुनुपर्छ र प्रत्येक खर्चको औचित्य स्पष्ट हुनुपर्छ। ठूलो उपकरण तथा भौतिक पूर्वाधारमा कोषको रकम खर्च समावेश गर्न पाइने छैन।

### क. Budget Summary Table (Template)

| विवरण )Budget Head) | प्रथम वर्ष (.रू.ने) | दोस्रो वर्ष (.रू.ने) | तेस्रो वर्ष (.रू.ने) | कोषबाट माग गरेको रकम (.रू.ने) | आवेदक संस्थाले/ (.रू.ने) व्यहोर्ने रकम | जम्मा (.रू.ने) |
|---|---|---|---|---|---|---|
| क्रियाकलाप १ | | | | | | |
| क्रियाकलाप २ | | | | | | |
| क्रियाकलाप ३ | | | | | | |
| क्रियाकलाप ... | | | | | | |
| कार्यक्रम खर्च (Program Cost) | | | | | | |
| शिरोभार खर्च ≥)10%) | | | | | | |
| भैपरी खर्च (Contingency) | | | | | | |
| जम्मा (Sub-total) | | | | | | |
| मूकर.अ.(VAT) | | | | | | |
| कुल जम्मा (Grand Total) | | | | | | |

### ख. Budget Head Description (व्याख्या)

१क्रियाकलाप .मा आधारित खर्च (Activity-wise Cost):

- प्रत्येक Output प्राप्त गर्न आवश्यक क्रियाकलाप अनुसार खर्च विभाजन गर्नुपर्दछ ।
- (जस्तैः प्रयोगशाला परीक्षण, फिल्ड भ्रमण, तालिम, सामग्री खरिद आदि)

लेखन ढाँचा:

- "क्रियाकलाप १: विवरण — सामग्री, श्रम, र परीक्षण खर्च"

२) कार्यक्रम खर्च .Program Cost):

- परियोजनाका मुख्य कार्यान्वयन खर्चहरू lab सामग्री, fieldwork, training आदि

३) शिरोभार खर्च Overhead Cost):

- प्रशासनिक तथा व्यवस्थापन खर्च बापत कूल बजेटको अधिकतम १०% मात्र राख्न पर्दछ ।

४) भैपरी खर्च .Contingency): आकस्मिक खर्च (अनपेक्षित अवस्था) सकेसम्म न्यून राखु पर्दछ

५) कर.अं.मू .VAT) रकम राख्दा प्रचलित कर दर अनुसार VAT लाग्ने सामाग्रीमा मात्र राखु पर्दछ ।

### ग. Budget Preparation Guidelines (निर्देशिका(

१ .Field Visit & Allowance:

- फिल्ड भ्रमण, नमूना संकलनका लागि दैनिक/भ्रमण भत्ता मन्त्रालयको प्रचलित दर अनुसार मात्र राख्नु पर्दछ ।
- अनावश्यक भ्रमण खर्च राख्नु हुँदैन ।

२ .Materials & Equipment:

- अनुसन्धानका लागि आवश्यक सामग्री (Consumables) र साना औजार मात्र समावेश गर्नुपर्नेछ ।
- महँगा उपकरण, ठूलो मेसिन वा पूर्वाधार निर्माणमा खर्च राख्न पाइने छैन।
- प्रत्येक सामग्रीको औचित्य (Justification) उल्लेख गर्नु पर्नेछ ।

३ .Cost Efficiency:

- न्यूनतम लागतमा अधिकतम उपलब्धि हासिल हुने गरी बजेट बनाउनु पर्नेछ ।
- अनावश्यक वा दोहोरो खर्च राख्नु हुँदैन ।

४) साझेदारी .Cost Sharing):

- आवेदक संस्था वा साझेदारबाट योगदान (cash/in-kind) उल्लेख गर्नु पर्नेछ ।
- सह-वित्तीय (co-funding) आइडियालाई प्राथमिकता दिनु पर्नेछ ।

५:नियमअनुसार बजेट .

- प्रस्तावित बजेट प्रचलित नेपाल सरकारको आर्थिक ऐन तथा नियमावली सँग मेल खाने हुनु पर्दछ।

घ. **Budget Justification (Optional but Recommended)** प्रत्येक मुख्य खर्च शीर्षकका लागि छोटो औचित्यपूर्ण हुनु पर्दछ ।

- "प्रयोगशाला परीक्षणका लागि आवश्यक रसायन तथा सामग्री"
- "फिल्ड परीक्षणका लागि भ्रमण तथा नमूना संकलन खर्च"
- "तालिम कार्यक्रम सञ्चालन खर्च"

ङ. नोट **(Important Notes):**

"कोषका मापदण्डहरू अनिवार्य रूपमा पालना गर्नु " पर्दछ ।

- शिरोभार + भैपरी खर्च ≤ १३% कम program cost राख्नु पर्दछ ।
- सबै रकम नेपाली रुपैयाँ (ने.रू.) मा स्पष्ट उल्लेख गर्नु पर्दछ ।

## ३.४ आवेदक/साझेदारी सँस्थाको प्रोफाइल

यस खण्डमा आयोजनामा संलग्न आवेदक वा साझेदार संस्थाकम्पनीको/ विस्तृत, तथ्यमा आधारित र प्रमाणयोग्य प्रोफाइल प्रस्तुत गर्नुपर्नेछ । प्रत्येक संस्थाले यो विवरण छुट्टै पानामा भरी पेश गर्नुपर्नेछ। आवश्यक परे थप पाना प्रयोग गर्न सकिन्छ। यहाँ प्रस्तुत सबै जानकारी गोप्य रहनेछ ।

| | |
|---|---|
| क. संस्थागत आधारभूत विवरण (Basic Institutional Profile) | |
| १. संस्थाको नाम | |
| २. संस्थाको किसिम | शैक्षिक, अनुसन्धान, नवप्रवर्तन |
| २. संस्थाको प्रकार | विश्वविद्यालय, अनुसन्धान प्रतिष्ठान, अन्यः |
| ३. सम्पर्क विवरण | ठेगाना,<br>टेलिफोन,<br>ईमेल |

| | |
|---|---|
| ४. संस्थाको दर्ता विवरण (Registration Details): | दर्ता नं.<br>दर्ता मिति<br>नवीकरण मिति |
| ५. संस्थाको कार्य क्षेत्र (Mandate &Area of Work): | |
| ६. लेखा प्रणाली (Accounting System) | |

**ख. संस्थागत क्षमता र अनुभव (Institutional Capacity & Experience)**

| | |
|---|---|
| ७) प्रमुख कार्य अनुभव (Key Experience): | |
| • संस्थाले सञ्चालन गरेका महत्वपूर्ण अनुसन्धान परियोजना/कार्यक्रमहरू/ | |
| • अनुसन्धान, नवप्रवर्तन तथा प्रविधि विकासमा योगदान | |

८) सम्पन्न आयोजनाहरू (Completed Projects)

| विषयगत क्षेत्र | आयोजनाको शीर्षक | बजेट (.रू.ने) | बजेट स्रोत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

९) चालु आयोजनाहरू (Ongoing Projects)

| विषयगत क्षेत्र | आयोजनाको शीर्षक | बजेट (.रू.ने) | बजेट स्रोत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

| | |
|---|---|
| १०) सहकार्य तथा साझेदारी (Collaboration & Partnerships):<br>अन्य संस्था निकायसँग भएका सम्झौता/ (MoU), सहकार्य वा नेटवर्क | लेखन ढाँचाः<br>"संस्थाले ] सँग [संस्था नाम]विषयक्षेत्र मा सहकार्य गर्दै [ आएको छ, जसले हासिल गर्न सहयोग [प्रभाव/उपलब्धि] "पुर्‍याएको छ। |
| ११) प्रविधि विकास र प्रभाव (Technology Development & Impact):<br>विकास गरिएका प्रविधि, नवप्रवर्तन वा अनुसन्धानका परिणाम, उत्पादन, उत्पादकत्व वा जीवनस्तरमा परेको प्रभाव | लेखन ढाँचाः<br>"संस्थाले विकास गरेको बाट [प्रविधि] सुधार [परिमाण/प्रतिशत] मा [जीवनस्तर/आम्दानी/उत्पादन] मा विस्तार [संख्या/क्षेत्र] भएको छ र यसको प्रयोगभएको छ।" |

**ग. मानव संसाधन तथा प्राविधिक क्षमता (Human & Technical Resources)**

१२) वैज्ञानिक तथा प्राविधिक जनशक्ति (Core Technical Team):

| नाम | विषय | योग्यता | अनुभव (वर्ष) |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

**१३) प्रस्तावित आयोजनाको कार्यदल (Project Team):**

| नाम, थर | विशेषज्ञता | शैक्षिक योग्यता | अनुभव (वर्ष) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | |
|---|---|
| **१४) प्रकाशन तथा प्रविधि (Publications & Innovations):** प्रकाशित कृतिहरू, अनुसन्धान पत्र, विकास गरिएका प्रविधिहरू | लेखन ढाँचा:<br>१.................................................. .<br>२.................................................. .<br>३.................................................. .<br>४.................................................. . |
| **१५ प्रयोगशाला तथा पूर्वाधार क्षमता (Laboratory & Infrastructure Capacity):** उपलब्ध प्रयोगशाला, उपकरण, परीक्षण सुविधा | लेखन ढाँचा:<br>"संस्थासँग सहित [प्रकार/प्रयोगशाला नाम] उपलब्ध छन् [सुविधा/उपकरण], जसले अनुसन्धान तथा परीक्षण कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउँछ।" |
| **१६ Innovation Ecosystem (नवप्रवर्तन प्रणाली):** मार्फत Ecosystem विकास गरेको छ।" | incubation, startup support, technology transfer, networking आदि<br>लेखन ढाँचा:<br>"संस्थाले नवप्रवर्तन प्रवर्द्धनका लागि[incubation/partnership/network] |
| **घ. परियोजनामा भूमिका (Role in Proposed Project)** | Lead / Co-applicant / Technical Partner / Implementation Partner<br>जिम्मेवारीहरू स्पष्ट उल्लेख गर्नु पर्नेछ |
| **ङ. घोषणा (Declaration)**<br>"उपरोक्त विवरणहरू सत्य तथा यथार्थ हुन र आवश्यक परे प्रमाण पेश गर्न तयार छु।"<br>अधिकृत हस्ताक्षर : ________<br>नाम : ________<br>पद : ________<br>मिति : ________<br>संस्थाको छाप : ________ | |
| | |

## ३.५ आइडिया अवधारणापत्र पेश गर्ने तरिका

कोषमा आइडिया अवधारणा-पत्रकासाथ आवश्यक सबै कागजातहरु एउटै फाइलमा राखी पेश गर्नु पर्दछ । कुनै एक व्यक्ति एउटा प्रस्तावको प्रमुख संयोजक र अन्य थप दुई प्रस्तावको सदस्य गरी जम्मा तीन वटा प्रस्तावमा मात्र रहन सक्नेछन् । हरेक प्रस्तावको छुट्टा छुट्टै रुपमा फाईल बनाई पेश गर्नु पर्दछ । आइडियाको शीर्षक, विषयगत र प्राथमिकताको क्षेत्र प्रष्टसंग खुल्ने गरी उल्लेख गर्नु पर्दछ । प्रस्ताव पेश गर्दा कागजी फाईल सँगसँगै ईलेक्ट्रोनिक सफ्ट कपी पनि पेश गर्नु पर्नेछ ।

क) तल उल्लेखित कुनै विषयगत क्षेत्र भित्र रहि प्राथमिकता प्राप्त विषय वा शीर्षक आवेदक आफैले भर्नुपर्नेछ ।

| विषयगत क्षेत्र | प्रस्तावको शीर्षक |
|---|---|
| कृषि, खाद्य सुरक्षा र पोषण | |
| वन ,वातावरण र प्राकृतिक विपद् जोखिम न्यूनिकरण | |
| कृत्रिम बौद्धिकता र सूचना प्रविधि | |
| जैविक प्रविधि तथा नानो प्रविधि | |
| उर्जा र यातायात | |
| औद्योगिक तथा इन्जिनियरिङ र जैविक र निर्जिव पदार्थ विज्ञान नवप्रवर्तन | |
| पर्यटनजैविक विविधता संरक्षंण , | |

ख) आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू ।

| क्र.सं. | आवेदनका साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु | पेश गर्नुपर्ने प्रति | कोषको सचिवालयले रुजु गर्ने (संलग्न छ/छैन) |
|---|---|---|---|
| १. | यस चिन्ह लगाउने चेकलिष्ट | १ प्रति | |
| २. | आवेदकको आवेदन पत्र | १ प्रति | |
| ३. | नवप्रवर्तनात्मक अनुसन्धान गर्ने प्रयोगशालाको सहमति पत्र | १ प्रति | |
| ४. | कोषको ढाँचा अनुरुप लेखिएको अवधारणा पत्र | ३ प्रति | |
| ५. | सोच तालिका (Logframe) | ३ प्रति | |
| ६. | अनुसन्धान गर्ने संस्थाको प्रोफाइल (फर्मेट अनुसार) | १ प्रति | |
| ७. | अनुसन्धान आइडियामा काम गर्ने कार्यदलको विवरण | १ प्रति | |
| ८. | अनुसन्धान संयोजक र सदस्यहरुको फर्मेट अनुसार दुई पेजको व्यक्तिगत विवरण | १ प्रति | |
| ९. | आवेदकको नेपाली नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र र स्थायी लेखा नं. | १ प्रति | |

## अनुसूची १

### आइडियाको उद्देश्य (ISMART आधारित — (Logframe (Logical Framework Matrix)

प्रस्तावकले आइडियाका उद्देश्यहरूलाई Outcome स्तरमा परिभाषित गरी Logframe ढाँचासँग मिल्ने गरी प्रस्तुत गर्नुपर्नेछ। उद्देश्यहरू मापनयोग्य, समयसीमित र परिणाममुखी हुनुपर्छ।

क. Overall Outcome Statement (समष्टिगत उपलब्धि)

- परियोजनाबाट समग्र रूपमा कस्तो परिवर्तन ल्याउने लक्ष्य राखिएको छ?
- प्रदेशको समृद्धि, उत्पादन वृद्धि, रोजगारी, प्रविधि विकास वा जीवनस्तर सुधारसँग यसको सम्बन्ध स्पष्ट १—२ वाक्यमा लेख्नुपर्दछ ।

ख. प्रत्येक उद्देश्यलाई तलको तालिका अनुसार प्रस्तुत गर्नुपर्दछ

| Objective (उद्देश्य( | Indicator (सूचक( | Baseline (हालको अवस्था( | Target (लक्ष्य( | Timeframe (समयसीमा( | Means of Verification (प्रमाण( | Assumptions (पूर्वधारणा( |
|---|---|---|---|---|---|---|
| [Specific objective[ | [मापन गर्ने सूचक[ | [हालको डेटा[स्थिति/ | [कति सुधार हुने[ | [कति समयभित्र[ | [रिपोर्ट, सर्वेक्षण, तथ्याङ्क[ | [बाह्य अवस्था[जोखिम/ |

ग. लेखन निर्देशिका (How to Fill the Table):

१. Objective (उद्देश्य):

- Specific, Achievable र Relevant हुने गरी स्पष्ट रूपमा लेख्नु पर्दछ ।
- Outcome मा केन्द्रित (उदाहरण: "उत्पादन २०% वृद्धि गर्ने")

२. Indicator (सूचक):

- मापन गर्न सकिने सूचक प्रयोग गर्नुहोस् (%, संख्या, दर आदि)

३. Baseline (हालको अवस्था):

- हालको तथ्याङ्क वा अवस्था उल्लेख गर्नु पर्दछ (उदाहरण: "हाल उत्पादन १० टन/वर्ष")

४. Target (लक्ष्य):

- परियोजना अन्त्यसम्म प्राप्त हुने परिमाणात्मक उपलब्धि (उदाहरण: "१५ टन/वर्ष")

५. Timeframe (समयसीमा):

- स्पष्ट अवधि (जस्तै: ६ महिना, १२ महिना, २४ महिना)

६. **Means of Verification (प्रमाण):**

- उपलब्धि प्रमाणित गर्ने स्रोत (रिपोर्ट, सर्वेक्षण, प्रयोगशाला नतिजा आदि)

७. **Assumptions (पूर्वधारणा):**

- आइडियाको सफलतामा प्रभाव पार्ने बाह्य अवस्था (उदाहरणः नीतिगत समर्थन, बजार उपलब्धता, मौसम अवस्था आदि)

**घ. थप मार्गदर्शन (Additional Notes):**

- कम्तीमा २—४ वटा Outcome-level objectives समावेश गर्नु पर्दछ
- Logframe र ISMART बीच तालमेल मिलाउनु पर्दछ ।
- Activity नभई "परिणाम (Outcome)" मा केन्द्रित लेखन हुनु पर्दछ
- आवश्यक परे Output र Activity स्तर छुट्टै खण्डमा राख्न सकिन्छ ।

# अनुसूची २

**Impact**

Impacts - Indicator सहितको Impact-level Logframe (Goal Level Matrix)

यस ढाँचामा प्रभाव (Impact) लाई Goal Level (दीर्घकालीन परिवर्तन) को रूपमा प्रस्तुत गर्नुपर्नेछ । प्रत्येक तह (Short, Medium, Long-term) का लागि **indicator, baseline, target, verification** र **assumptions** स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।

क. **Impact-level Logframe Matrix (Goal Level Indicators सहित)**

| Impact Level | Goal / Impact Statement (प्रभाव) | Indicators (सूचक) | Baseline (हालको अवस्था) | Target (लक्ष्य) | Means of Verification (प्रमाण) | Assumptions (पूर्वधारण) |
|---|---|---|---|---|---|---|
| Short-term (1-2 वर्ष) | [उत्पादन वृद्धि र दक्ष जनशक्ति विकास सम्बन्धी प्रभाव लेख्नुहोस्[ | - उत्पादन वृद्धि - (%) दक्ष जनशक्ति संख्या | [हाल उत्पादन सीप/ [स्तर | [जस्तै—२० : वृद्धि %३०,५० जना दक्ष[ | - प्राविधिक रिपोर्ट - तालिम अभिलेख | - प्रविधि अपनाउने इच्छाशक्ति तालिम - उपलब्धता |
| Medium-term (3-5 वर्ष) | [उद्योग स्थापना र प्रविधि प्रसार सम्बन्धी प्रभाव लेख्नुहोस्[ | - स्थापना भएका उद्योग संख्या प्रविधि अपनाउने - (%) दर | [हाल उद्योग संख्या[प्रयोग दर/ | [जस्तै५ उद्योग :, ६० %adoption] | - उद्योग दर्ता अभिलेख सर्वेक्षण रिपोर्ट - | - बजार पहुँच - नीतिगत समर्थन |
| Long-term (5+ वर्ष) | [आर्थिक वृद्धि र दिगो विकास सम्बन्धी प्रभाव लेख्नुहोस्[ | - आय वृद्धि - (%)SDGs योगदान सूचक स्रोत - (%) उपयोग दक्षता | [हाल आय वातावरणीय/ [अवस्था | [जस्तै %३० : आय वृद्धि,स्रोत दक्षता वृद्धि[ | - राष्ट्रिय प्रदेश/ मूल् - तथ्याङ्कयाङ्कन रिपोर्ट | - दीर्घकालीन नीति स्थिरता वातावरणीय - अवस्था |

ख. **SDGs, Green Growth, Circular Economy Mapping** (अनिवार्य समावेश गर्नुपर्नेछ) । यसले Outcome → Impact logical linkage पनि स्पष्ट देखाउँछ, जसले गर्दा proposal evaluation मा प्रस्तावहरू बलियो देखिन्छ ।

| **Impact Area**<br>[क्षेत्र/आइडिय] | **Related SDGs**<br>SDG [1, 2, 8, 12, 13 आदि] | **Green Growth Contribution**<br>कार्बन न्यूनीकरण हरित प्रविधि प्रयोग - | **Circular Economy Aspect**<br>Reuse - Recycling - Waste-to-resource |
|---|---|---|---|
| | SDG 1 (No Poverty)<br>SDG 2 (Zero Hunger)<br>SDG 8 (Decent Work & Economic Growth)<br>SDG 12 (Responsible Consumption & Production)<br>SDG 13 (Climate Action) | उदाहरण<br>. कम कार्बन उत्सर्जन भएको उत्पादन प्रणाली<br>. स्थानीय स्रोतको अधिकतम उपयोग | उदाहरण<br>- waste-to-resource)<br>- reuse waste |

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

# अनुसूची ३

## तर्कयुक्त ढाँचा (Logical Framework)

नवप्रवर्तनात्मक प्रस्तावनालाई Goal–Outcome–Output–Activity संरचना अनुसार तार्किक रूपमा प्रस्तुत गर्नुपर्नेछ। तर्कयुक्त ढाँचा (Logframe) ले आइडियाको उद्देश्य, उपलब्धि, क्रियाकलाप, सूचक, प्रमाण र पूर्वधारणा बीचको सम्वन्ध स्पष्ट देखाउनुपर्छ ।

क. **Logical Framework Matrix (Template)**

| Narrative Summary (विवरण) | Indicators (सूचक) | Baseline (हालको अवस्था) | Target (लक्ष्य) | Means of Verification (प्रमाण) | Assumptions (पूर्वधारणा) |
|---|---|---|---|---|---|
| **Goal (Impact)** | | | | | |
| [दीर्घकालीन प्रभाव[समृद्धि लक्ष्य/ | [आर्थिक वृद्धि, जीवनस्तर सुधार] | [हालको अवस्था] | [लक्ष] | [सरकारी तथ्याङ्क, सर्वेक्षण] | [नीतिगत स्थिरता, वातावरण] |
| **Outcome (Purpose)** | | | | | |
| [परियोजनाबाट प्राप्त हुने मुख्य परिणाम] | [मापनयोग्य परिवर्तन] | [baseline] | [target] | [रिपोर्ट, मूल्याङ्कन] | [सहभागिता, प्रविधि अपनाउने दर] |
| **Outputs (उपलब्धी)** | | | | | |
| [Output 1] | [सूचक] | [baseline] | [target] | [रिपोर्ट] | [स्रोत उपलब्धता] |
| [Output 2] | [सूचक] | [baseline] | [target] | [रिपोर्ट] | [सहकार्य] |
| **Activities (क्रियाकलाप)** | | | | | |
| [Activity 1, 2, 3...] | [कार्य सम्पन्न दर] | - | [समयसीमा अनुसार] | [प्रगति रिपोर्ट] | [समयमै कार्यान्वयन] |

ख. **Logframe Components (व्याख्या)**

१ .Goal (Impact Level):

- दीर्घकालीन समृद्धि, आर्थिक वृद्धि, जीवनस्तर सुधारसँग सम्बन्धित हुन्छ।
- आइडियाले अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने लक्ष्य।

लेखन ढाँचाः

- "[क्षेत्र] मा आर्थिक समृद्धि र दिगो विकासमा योगदान पुऱ्याउने।"

२ .Outcome (Purpose Level):

- आइडियाबाट प्रत्यक्ष प्राप्त हुने मुख्य परिणाम (measurable change) ।
- ISMART आधारित हुनुपर्छ।

लेखन ढाँचाः

- "[लक्षित समूह] मा [मापनयोग्य परिवर्तन] हासिल हुने।"

३ .Outputs (उपलब्धी:(

- आइडियाबाट प्रत्यक्ष उत्पादन हुने deliverables (जस्तैः प्रविधि, तालिम, प्रकाशन)।

लेखन ढाँचाः

- "[संख्या] वटा प्रविधि विकास"
- "[संख्या] जना तालिमप्राप्त जनशक्ति"

४ .Activities (क्रियाकलाप):

- Outputs प्राप्त गर्न गरिने कार्यहरू (जस्तैः अध्ययन, परीक्षण, तालिम, प्रसार) ।

लेखन ढाँचाः

- "प्रयोगशाला परीक्षण सञ्चालन गर्ने"
- "फिल्ड डेमो र तालिम कार्यक्रम सञ्चालन गर्ने"

ग. लेखन निर्देशिका (Guidelines):

- Goal → Outcome → Output → Activity बीच स्पष्ट तार्किक सम्बन्ध (logical linkage) हुनुपर्छ।
- प्रत्येक स्तरका लागि **indicator, baseline, target** अनिवार्य रूपमा राख्नुहोस्।
- Outputs र Activities बीच 1: multiple सम्बन्ध हुन सक्छ (एक output का लागि धेरै activities) ।
- Assumptions यथार्थपरक र जोखिमसँग सम्बन्धित हुनुपर्छ।
- तालिका संक्षिप्त तर पूर्ण (concise but complete) हुनुपर्छ।

**घ. Quick Check (Self-validation):**

- के Activities ले Outputs दिन्छ?
- के Outputs ले Outcome प्राप्त गराउँछ?
- के Outcome ले Goal मा योगदान पुऱ्याउँछ?